# कर्मचारी सञ्चय कोषबाट घर जग्गा धितोमा आधारित सापटी लिएर किस्ता नियमित नगरेका सञ्चयकर्तालाई किस्ता नियमित गर्नेसम्बन्धी सूचना

(गोरखापत्रमा सूचना प्रकाशित मिति : २०८१ असार ११ गते)

कोषको सञ्चयकर्ता कर्जा विभाग, लगनखेल र कोषका विभिन्न शाखा कार्यालयबाट विभिन्न मितिमा **घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, सरल सापटी (साबिक सरल चक्र कर्जा) र जग्गा खरिद सापटी** लिएका ऋणी सञ्चयकर्ताले आ.व.२०८०।८१ मा कोषलाई भुक्तानी गर्नुपर्ने साँवा तथा ब्याजको रकम मिति २०८१ असार मसान्तभित्र बुझाउनुहुन अनुरोध छ।

नियमित त्रैमासिक ब्याज भुक्तानी गर्ने ऋणी सञ्चयकर्तालाई कोषले तोकेबमोजिमको ब्याज छुट दिने व्यवस्था रहेको छ। सापटीको साँवा र ब्याजको किस्ता नियमित नगरेको अवस्थामा कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता कर्जा असुली विनियम, २०७९ बमोजिम असुली प्रक्रियामा जाने व्यहोरासमेत जानकारी गराइन्छ।

**कोषमा रकम भुक्तानी गर्ने प्रक्रिया**

- KYC Update गरेका सञ्चकर्ताले Connect IPS मार्फत।
- KYC Update नगरेका सञ्चयकर्ताले कोषले तोकेका बैक खातामार्फत् कोषको खातामा रकम जम्मा गरी loan.recovery@epf.org.np मा उक्त भौचर ईमेल गरी पठाउन सकिनेछ।
- KYC Update नभएका सञ्चयकर्ताले शीघ्र नजिकको कोषको कार्यालयमा स्वंय उपस्थित भई KYC Update गर्नुहुन समेत अनुरोध छ।

**कर्मचारी सञ्चय कोष**
**सञ्चयकर्ता कर्जा विभाग**
लगनखेल, ललितपुर।
फोन नं.: ०१-५४२२९४१, ५४२१९९१, ५४२३६६७, ५९७००४१